के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०१२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क २१८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौं ३ गते सोमबार ❑ 19 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

कास्कीमा स्वरुप परिवर्तन गरेका २०३५ मोटरसाइकल कारवाहीमा

पोखरापत्र संवाददाता
पोखरा, २ भदौं

कास्कीमा स्वरुप परिवर्तन(मोडिफाई) गरेका २ हजार ३५ वटा मोटरसाइकल तथा स्कुटर कार्वाहीमा परेका छन् ।

गत असोज २१ गते देखि स्वरूप परिवर्तन गरेका मोटरसाइकलहरू नियन्त्रणमा लिई कारवाही गरी उक्त अभियान सुरु गरेसंगै चालु आथिक वर्षको भदौं २ गतेसम्म हेर्दा २ हजार ३५ वटा मोटरसाइकल तथा स्कुटर कार्वाहीमा परेको जिल्ला प्रहरी कार्यालय कास्कीले आइतबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रम मार्फत जानकारी गराएको हो ।

उक्त सङ्ख्यामा मोटरसाइकल तथा स्कुटर कार्वाहीमा पर्दा २ ९ लाख ८ सय रुपैया जरिवाना अशुल उपर गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी प्रमुख एसपी मोहन कुमार थापाले बताउनु भयो । गत असोज २१ गतेदेखि अभियानकै रुपमा कार्यक्रम संचालन गरी स्वरूप परिवर्तन गरिएका २२ थान मोटरसाइकलहरू नियन्त्रणमा लिई कारवाही सुरु भएको उहाँले जनाउनु भयो ।

गत फागुन १७ गते देखि २० गतेसम्म पुनः त्यस्ता ५९ थान मोटरसाइकलहरू नियन्त्रणमा लिई कारवाही गरिएको कार्यालयले जनाएको छ । यसै क्रममा गत श्रावण ३० गते देखि भदौ २ गतेसम्म १ सय ४९ थान मोटरसाइकल नियन्त्रणमा लिई कारवाही प्रक्रियामा रहेको एसपी थापाले जनाउनुभयो ।

उक्त कार्वाहीबाट २२ लाख राजस्व उठ्ने अनुमान गरिएको छ । आफु पोखरामा रहदासम्म पोखरालाई ध्वनि र सकेसम्म प्रदुषण कम बनाउने अभियानमा लाग्ने उहाँले जनाउनु भयो । जिल्ला प्रहरी कार्यालय कास्की, मातहत प्रहरी इकाईहरू र जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्की समेतको संयुक्त प्रयासमा विगत लामो समयदेखि स्वरूप परिवर्तन गरी समाजमा होहल्ला मच्चाउँदै हिँड्ने, ध्वनी प्रदुषण गर्ने मोटरसाइकलहरू नियन्त्रणमा लिई कारवाही गर्दै आईरहेको एसपी थापाले जनाउनु भयो ।

स्वरुप परिवर्तन गर्ने ८ जना वर्कसप संचालकहरूलाई समेत पक्राउ गरी स्वरुप परिवर्तन नगर्ने शर्तमा छाडिएको र सचेतनामुलक कार्यक्रम गरी स्टिकर समेत टाँस गरिएको कार्यालयले जनाएको छ । स्वीकृति नलिई सवारी साधनको साइलेन्सर, सिट, रंग, स्वरुप, नम्वर प्लेट, लुकिङ ग्लास, सक, ह्याण्डल, इन्जिन, चेसिसमा परिवर्तन गर्ने वा ध्वनी प्रदुषण हुने खालका पार्टपूर्जा जडान गरेमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को वमोजिम रू.१५,०००।- सम्म जरिवाना हुने व्यवस्था रहेको छ। यस्ता कार्यमा संलग्न सवारी धनी र वर्कसप संचालकहरूलाई मुलुकी अपराध संहिता, २०७४ वमोजिम सार्वजनिक शान्ति भंग वा अभद्र व्यवहारको कसूरमा मुद्दा चलाउने प्रहरीले चेतावनी दिदै आएको छ ।

स्वरुप परिवर्तन गरी सवारी साधन चलाउँदा दुर्घटना हुने, ध्वनी प्रदुषण, विरामी, वृद्दवृद्दा, वालवालिका तथा संवेदनशील क्षेत्र (अस्पताल स्कुल) मा प्रत्यक्ष असर पर्ने भएको प्रहरीले जनाएको छ । कसैले स्वरुप परिवर्तन गरी ध्वनी प्रदुषण गरी मोटरसाइकल चलाएको, स्वरुप परिवर्तन गरेको देखेमा जिल्ला प्रहरी कार्यालयको १०० र जिल्ला ट्राफिक कार्यालयको १०३ मा टेलिफोन गरी सूचना दिन आग्रह गरिएको छ ।

अन्तर्राष्ट्रिय हवाई उडान गर्न सरकारले गरेको निर्णय कार्यान्वयन गर्न माग

पोखरापत्र संवाददाता
पोखरा, २ भदौं

पोखराबाट अन्तराष्ट्रिय हवाई उडान गर्न सरकारले गरेको निर्णय कार्यान्वयन गर्न पोखराका पर्यटन व्यवसायीले माग गर्नु भएको छ ।

करिब दुई बर्ष अघि पोखरामा निर्माण भएको पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट हालसम्म नियमित उडान हुन नसक्दा आफुहरुमा निरासा भएको अबस्थामा नयाँ सरकारले पोखरा विमानस्थल संचालन गर्ने निर्णय गरेकोले उक्त निर्णय यथा सक्दो छिटो कार्यान्वयन गर्न पोखराका पर्यटन व्यवसायीहरुले माग गर्नु भएको हो । पोखराको पर्यटन व्यवसायीहरुको छाता संस्था पोखरा पर्यटन परिषदले आइतार पोखरामा पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरी उक्त निर्णय आफुहरुको लागि स्वागत योग्य भएको जनाउदै तत्काल कार्यान्वयन गर्न माग गरेको हो ।

कोभिडबाट प्रभावित भएको पोखराको पर्यटन क्षेत्रमा सरकारको उक्त निर्णयले आफुहरुमा थोरै आशा जगाएको परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो । पोखराबाट सिधा अन्तराष्ट्रिय हवाई उडान हुने अपेक्षा सहित आफुहरुले अबौंको लगानी गरेको अबस्थामा विगत दुई बर्ष भन्दा लामो समय देखि पोखराबाट नियमित अन्तराष्ट्रिय हवाई उडान हुन नसकेको अबस्थामा सरकारलको निर्णयले आफुहरुलाई केही आशा पलाएको अध्यक्ष श्रेष्ठले जनाउनु भयो । सरकारको उक्त निर्णय पश्चात विभिन्न एयरलायन्स कम्पनीहरुलाई आधिकारीक रुपमा पत्र नपठाएकोले उक्त पत्र पुर्‍याउन उहाँले आग्रह गर्नुभयो । पोखरा पर्यटनको राजधानि भएकोले यहाँ केही छुट प्याकेज हुने हुँदा अन्तराष्ट्रिय हवाई भाडामा समेत केही शहुलियत हुने अध्यक्ष श्रेष्ठले दाबी गर्नुभयो । सरकारले पोखरा र भैरहवाका अन्तर्राष्ट्रिय विमानस्थलहरुबाट अन्तर्राष्ट्रिय हवाई उडान भर्ने विमानहरुलाई हवाई इन्धनमा विशेष छुट दिने निर्णय गरेको छ ।

शुक्रबार बसेको निगम सञ्चालक समितिले बैठकले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलबाट विदेशमा उडान भर्ने कम्पनीलाई तोकिएको मूल्यमा प्रतिकिलोमिटर १०० डलर छुट दिने निर्णय गरेको छ। पोखरा अन्तराष्ट्रिय विमानस्थल पूर्वप्रधानमन्त्री पुष्प कमल दाहालबाट सून २०२३ को जनवरी १ मा भव्यताका साथ उद्घाटन भएको थियो ।

उद्घाटन भएको लामो समय सम्म पनि अन्तराष्ट्रिय उडान नियमित रुपमा सञ्चालन हुन नसक्दा पर्यटन व्यवसायीहरुमा नैराश्यता हुन लागेको अबस्थामा सरकारको उक्त निर्णयले यर्जा मिलेको व्यवसायीको भनाई छ।

प्रधानमन्त्री केपी शर्मा ओली, नेपाल सरकारका पर्यटन मन्त्री, बद्री प्रसाद पाण्डे तथा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, नागरिक उड्यन प्राधिकरणका महानिर्देशक प्रदिप अधिकारीलाई परिषदले धन्यवाद ज्ञापन समेत गरेको छ । अध्यक्ष श्रेष्ठले भन्नु भयो "मन्त्रीपरिषद्मा भएको यो निर्णय छिटो भन्दा छिटो कार्यान्वयनको लागि सरकारसंग माग गर्दछौं, यो निर्णयले गर्दा पोखरा अन्तराष्ट्रिय विमानस्थलमा अन्तराष्ट्रिय उडान हुनेमा हामि विशोश्त छौं ।" पोखराबाट उडान भर्ने हवाई कम्पनीहरुले पाउने उक्त सुविधावाट यात्रुहरुहरुलाई सुलभ दरमा यात्रा गर्ने मौका मिल्ने छ भने यस्ले पोखराको एयरपोर्टको आकर्षक बढाउने अध्यक्ष श्रेष्ठले दाबी गर्नुभयो । आन्तरिक उडानमा पोखरावाट नेपालका अन्य शहरहरु सम्माको सिधा हवाई सम्पर्कलाइ आशाको सञ्चार भएको छ, भने पोखराको उत्पादन समेत अन्तराष्ट्रिय बजारमा जाने ढोका खुल्ने भएको उनको भनाई छ । पोखरा अन्तराष्ट्रिय विमानस्थल सञ्चालनको लागि परिषदले विभिन्न ढंगले पहल गर्दै आएको महासंचिव संजयकान्त सिग्देलले बताउनु भयो । पोखरामा अन्तराष्ट्रिय उडान हुने पक्का भएसंगै यहाँको पर्यटकीय गतिविधिमा विभिन्न छुट प्याकेजका कार्यक्रम ल्याउने उहाँले जनाउनु भयो ।

महानगरको अनुगमन १७ पसलमा अनुगमन, २ लाख ५५ हजार जरिवाना

पोखरापत्र संवाददाता
पोखरा, २ भदौं

पोखरा महानगरपालिले आइतबारदेखि बजार अनुगमन सुरु गरेको छ । बजारमा मुल्यबृद्धि,मिसावटर जनस्वास्थ्यमा असर गर्ने गरी मासुज जन्य तथा खाद्यय सामग्री बिक्री वितरण भैरहेको जनगुनासो आएपछि अनुगमन सुरु गरिएको महानगरले जनाएको छ । गुनासो आएपछि पहिलो चरणमा माछा र मासुमा अनुगमन सुरु गरिएको हो ।

महानगरका उपप्रमुख एवं बजार अनुगमन समितिका संयोजक मञ्जुदेवी गुरुङको नेतृत्वमा पोखराको श्रीकम्पलेक्स, सृजनाचोक र पृथ्वीचोकमा रहेका १७ वटा माछा र मासु पसलमा अनुगमन गरेको हो । अनुगमनका क्रममा कुहिएर खाना योग्य नभएको २१९ केजी माछा र खसिको मासु १५ केजी गरी २३४ केजी जफत र उनीहरुलाई जरिवाना गरिएको छ । जफत गरिएको माछा र मासु भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कास्कीको जैविक डिस्पोजल पीटमा डिस्पोज गरिएको पोखरा महानगर बजार अनुगमन समितिका सदस्यसचिव अनिल कार्कीले जानकारी दिए । अनुगमनका क्रममा कुहिएको माछा फेला परेपछि उनीहरुलाई जिल्ला प्रशासन कार्यालय कास्कीमा उपस्थित गराई जरिवाना गरिएको छ। १७ वटा मध्य १० वटा माछा पसललाई ५० हजारदेखि १५ हजारसम्म गरिवाना गरिएको छ । जरिवानाबाट २ लाख ५५

हजार रुपैयाँ राजस्व संकलन समेत भएको महानगर सहकारी तथा उद्योग शाखाका अधिकृत ऋषिराम सापकोटाले जानकारी दिए। अनुगमनका क्रममा पोखरा महानगरपालिका वडा नम्वर ९ बसपार्कमा संचालन रहेको लाचन फिस सप्लायर्सबाट १ सय केजी, पोखरा ९ बसपार्कमा रहेको माछाको होसल गर्ने राजु फिस हाउसबाट ८० केजी कुहिएको माछा जफत गरी दुवैलाई ५०/५० हजार जरिवाना गरिएको छ । त्यस्तै पोखरा ८ सृजनाचोकमा रहेको सद्धाम फ्रेस हाउसबाट खान योग्य नभएको ८ केजी माछा र खसिको मासु, जस्मिन फ्रेस हाउसबाट ७ केजी खसिको मासु जफत गरिएको थियो भने दुवै पसललाई ३०/३० हजार रुपैयाँ जरिवाना गरिएको छ । त्यस्तै अनुगमन टोलीले पोखरा ८ श्री कम्प्लेक्समा संचालनमा रहेको न्यू रमेश फिस हाउसबाट १३ किलो ३ सय ग्राम सडेको माछा भेटिएको र उक्त माछा जफत गरी २० हजार रुपैयाँ जरिवाना गरिएको छ । त्यस्तै न्यु सुमन फिस हाउस, सुरज फिस हाउस, नमुना मत्स्य बिक्री केन्द्र लगायत ५ वटा पसललाई १५ हजारका दरले जरिवाना गरिएको महानगर सहकारी तथा उद्योग शाखाका अधिकृत ऋषिराम सापकोटाले जानकारी दिए । अनुगमनमा पसल नविकरण नभएको,सरफाइ नभएको, सिसा, जाली नलगाई बाहिर बेच्ने गरेको, डि फ्रिज नभएको, माछा पसल संचालनका लागि तालिम नलिएको, फोहोर पानीको प्रयोग गरेको, पसल दुर्गन्धित देखिएकाले जरिवाना गरिएको र आइन्दा यस्तो भेटिएमा पसल बन्द गराउने चेतावनी सहित छाडिएको छ ।

माछा तथा मासु बिक्री गर्ने अन्य ७ वटा पसललाई मुल्यसुचि राख्न, पसल सरसफाई गर्न, पसल दर्ता गरी मापदण्ड अनुसार संचालन गर्न सुझाव दिदै पून दोश्रो पटक पनि अटेर कारबाही गर्ने सर्तमा छोडिएको छ ।

पोखरा महानगरपालिकामा गुनासो र नेपालीहरुका चाडपर्वहरु पनि सुरुवात भएकाले बजार अनुगमन सुरुवात गरिएको महानगरका उपप्रमुख एवं बजार अनुगमन समितिका संयोजक मञ्जुदेवी गुरुङले जानकारी दिइन् । विगतमा भएका अनुगमनले बजारमा केही सुधार देखिएको भएपनि सोचे जस्तो नदेखिएको बताउदै अव नियमित अनुगमन गरिने उनले बताइन् । उपप्रमुख गुरुङले अनुगमनका क्रममा दिइएको सुझावलाई कार्यान्वयन नगर्ने र फेरी गलत भेटिएमा जरिवाना सहित अन्य कानुनी कारबाही गरीने बताइन् । उनले उपभोक्ताहरु स्वयम सचेत बन्नुपर्ने र महानगरले सचेतनामुलक कार्यक्रम गर्ने बताइन् ।चाडपर्वमा मात्रै अनुगमन गर्ने भन्ने आरोप लाग्ने गरेकाले यस वर्ष अगाडीनै अनुगमन थालिएको उपप्रमुख गुरुङको भनाई छ ।

जिल्ला प्रशासन कार्यालय कास्कीका प्रशासकीय अधिकृत भिष्मराज अर्याललेमाछा पसल दर्दनाक देखियो । उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष असर गर्ने देखिएको र उपभोक्ता हकहित संरक्षण ऐन अनुसार कारबाही गरिएको बताए। उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ३८ को उपदफा(घ) को कसुरमा दफा ३९ बमोजिम कारबाही गरिएको छ । अनुगमनमा महानगरका

बाँकी अन्तिम पृष्ठमा ▶▶



मगर भाषा र संस्कृति अध्ययन भ्रमण गर्न चित्रे पुग्यो मिस मगर नेपालको टोली

पोखरापत्र संवाददाता
पोखरा, २ भदौं

मगर जातिको भाषा, धर्म तथा कला संस्कृति सम्बन्धि अध्ययन भ्रमण तथा अन्तरक्रिया कार्यक्रमका लागि मिस मगर नेपाल २०२४ का प्रतियोगीहरु स्याङ्जाको चित्रे पुगेका छन् ।

एसटी क्रियसन म्यानेजमेन्ट प्रालीको आयोजना तथा नेपाल मगर संघ कास्कीको संरक्षकत्वमा हुने मिस मगर समुदायको भाषा, तथा संस्कृति सम्बन्धि अध्ययन तथा अनुसन्धानका लागि स्याङ्जाको चित्रेमा कार्यक्रम आयोजना गरिएको हो ।

ग्राण्ड फिनालेका लागि छनोट भएका ११ जना प्रतिस्पर्धीसहित पोखराबाट मगर समुदायको भाषा, कला, संस्कृतिको अध्ययनको लागि स्याङ्जाको चित्रेमा शुक्रबार र शनिबार अध्ययन भ्रमण तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको टिम संयोजक प्रियन्का गर्बुजा मगरले जानकारी दिइन् । मिस मगर नेपाल २०२४ का प्रतियोगिहरुलाई मगर भाषा तथा संस्कृति सम्बन्धी अध्ययन भ्रमण एवं अन्तरक्रिया कार्यक्रममा बोल्दै स्याङ्जाको हरिनास गाउँपालिकाका उपाध्यक्ष इन्द्रकुमारी थापा रानाले मगर

समुदायको भाषा, संस्कृति पुस्तान्तरण हुन आवश्यक रहेको बताइन् । 'मिस मगर नेपालका प्रतियोगिहरुलाई अध्ययन भ्रमणका लागि यहाँ ल्याउनुभएकोमा हामी खुशी छौं', उपाध्यक्ष रानाले भनिन्, 'स्याङ्जाको चित्रे मगर समुदायको बाहुल्यता भएको गाउँ हो, यहाँ मगर भाषा, संस्कृतिहरु अझै पनि रहेका छन्, मगर भाषा, सस्कृति हामीले पुस्तान्तरण गर्न आवश्यक छ, यस प्रतियोगिताले पक्कैपनि मगर समुदायको भाषा, संस्कृति संरक्षणमा सहयोग पुऱ्याउँछ भन्ने विश्वास लिएको छु ।' कार्यक्रममा नेपाल मगर संघ गण्डकी प्रदेशका उपाध्यक्ष एवम् भ्रमण संयोजक पवित्रा थापा मगरले मगर समुदायको भाषा, संस्कार-सस्कृति बुझाउन सहयोग पुऱ्याउने उद्धेश्यले चित्रे गाउँलाई रोजेको बताईन् ।

एसटी क्रियसन म्यानेजमेन्ट एवम् मिस मगर नेपालका निर्देशक सुरज थापा मगरले मगर युवतीहरुको नेतृत्व विकाससँगै भाषा, संस्कृति, इतिहास बुझाउन प्रतियोगिताहरु आयोजना गर्दै आएको बताए । 'मिस मगर नेपाल २०२४ आयोजना गर्दै गर्दा हामी अहिले सातौ संस्करणको ग्राण्ड फिनालेमा आइपुगेका छौं, नेपालको विभिन्न जिल्लाबाट २० जना प्रतियोगिहरु छनोट हुनुभएको थियो', थापाले भने, 'विभिन्न चरणहरु पार गर्दै अहिले ग्राण्ड फिनालेका लागि ११ जना अन्तिम चरणमा छनोट हुनुभएको छ, उहाँहरुलाई मगर समुदायको परम्परा, भाषा, संस्कृतिसँगै नेतृत्व तथा व्यक्तित्व विकासका लागि प्रतियोगिता आयोजना गरेका हौं ।' कार्यक्रममा मिस मगर नेपाल २०२४ का शिर्ष प्रायोजन निट डेन्टल केयर प्रालिका निर्देशक बिरबहादर राना (विरेन), नेपाल मगर संघ कास्कीका सहसचिव शिव थापा, चित्रेका टोल संयोजक पहलसिंह राना मगर लगायतले बोलेका थिए । मिस मगरका प्रतिस्पधीहरुलाई मातृभाषाको तालिमसँगै नेतृत्व विकास, भेषभुषा, कला र संस्कृति लगायतका तालिमहरुसमेत प्रदान गर्दै आएको आयोजकले जनाएको छ । मगर समुदायको भाषा, तथा संस्कृति सम्बन्धी अध्ययन तथा अनुसन्धानका लागि गएको मिस मगर नेपाल २०२४ का प्रतियोगिहरुलाई हरिनास गाउँपालिका-४ चित्रेका मगर समुदायले रोधिखोलादेखि पिपल डाँडासम्म मगर समुदायको मौलिक कौराहा, झाबुरा, पञ्चेबाजासहित स्वागत तथा सम्मान गरिएको थियो ।

पोखरा इन्टरनेटले बुटक्याम्पमा उत्कृष्ट सेवा प्रदान गऱ्यो

पोखरापत्र संवाददाता
पोखरा, २ भदौं

पोखरा इन्टरनेटले बुटक्याम्पमा उत्कृष्ट सेवा प्रदान गरेकोमा कोड फर चेन्जले इन्टरनेको सेवा प्रति प्रशंसा ब्यक्त गरेको छ ।

कोड फर चेन्ज पोखराले एक हप्ताको लाराभेल बुटक्याम्प गरेकोमा सोहि अवसरमा इन्टर नेटले सेवा प्रदान गरेको थियो । उक्त कार्यक्रम सफलता पुर्वक सम्पन्न भएको कोड फर चेन्जले जनाएको छ ।

बुटक्याम्पको अवधिमा पोखरा इन्टरनेटले उच्च गुणस्तरको इन्टरनेट सेवा उपलब्ध गराएको थियो । कार्यक्रममा सहभागीहरूलाई लाराभेलमा आधारित वेब विकासको आधार

भूत ज्ञान र सीप प्रदान गरिएको थियो। बुटक्याम्पमा सहभागीहरूले लाराभेल फ्रेमवर्कको बारेमा सिक्न र वास्तविक परियोजनामा प्रयोग गर्न पाएको र उनीहरूलाई भविष्यमा वेब विकास परियोजनाहरूमा सक्षम र आत्मनिर्भर बनाउन मद्दत पुर्याएको कोड फर चेन्जले जनाएको छ ।

पोखरा इन्टरनेटले यस्ता किसिमका शैक्षिक तथा प्रविधि-सम्बन्धी कार्यक्रमहरूमा निरन्तर सहयोग गदै जाने इन्टर नेटले जनाएको छ ।

शिक्षाको गुणस्तर सुधारमा गम्भीर भएर लाग्नुपर्छ : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
दमौली, २ भदौं

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले शिक्षाको गुणस्तर सुधारका लागि सबै पक्ष गम्भीर भएर लाग्नुपर्नेमा जोड दिनुभएको छ ।

तनहुँको भानु नगरपालिका-३ चाम्बासस्थित हिमालय माध्यमिक विद्यालयको ५०औं वार्षिकोत्सव तथा स्वर्णजयन्ती समारोहको आज उद्घाटन गर्नुहुँदै उहाँले विकासको मेरुदण्डका रूपमा रहेको शिक्षाको गुणस्तर नसुध्रिएसम्म देश विकास हुन नसक्ने बताउनुभयो । मुख्यमन्त्री पाण्डेले शिक्षा क्षेत्रको विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो । "शिक्षा क्षेत्रमा कसरी गुणस्तर कायम गर्न सकिन्छ भन्ने सवालमा प्रदेश सरकार कार्ययोजनासहित

अगाडि बढेको छ । नीति तथा कार्यक्रममा पनि बिग स्कूल, लिड स्कूल र रेसिडेन्टल स्कूलको अवधारणा ल्याएको छ । अब त्यसलाई कार्यान्वयन गरेर अगाडि बढ्छौं", उहाँले भन्नुभयो । कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले राज्यले शिक्षा क्षेत्रमा ठूलो लगानी गरिरहेकाले सोअनुसार प्रतिफल प्राप्तिका लागि सबै गम्भीर हुनुपर्ने बताउनुभयो । भानु नगरपालिका प्रमुख आनन्दराज त्रिपाठीले नगर क्षेत्रका विद्यालयको गुणस्तर सुधारका लागि पहल भइरहेको बताउनुभयो । मुख्यमन्त्री पाण्डेले विद्यालयले निर्माण गरेको स्वर्ण स्तम्भको अनावरणसमेत गर्नुभएको थियो ।

दमौली बजारका घर हटाउने प्रक्रिया अगाडि बढाउने सहमति

पोखरापत्र संवाददाता
दमौली, २ भदौं

मुग्लिन-पोखरा सडक विस्तार योजनाअन्तर्गत दमौली बजारमा रहेका घरहरु हटाउने प्रक्रिया अगाडि बढाउने निर्णय गरिएको छ । जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेको अध्यक्षतामा आजको बैठकले छ दिनभित्र सकिने गरी नापअनुसार भत्काउनुपर्ने घर हटाउनका लागि प्रक्रिया अगाडि बढाउने सहमति गरेको हो ।

व्यास नगरपालिका-२, ३ र ४ को बजार क्षेत्रमा विद्युत् पोल गाड्ने, नाला निर्माण गर्ने कार्यमा केही घरहरु भत्काउन बाँकी रहेकाले सम्बन्धित वडाध्यक्ष, प्राविधिक, सडक आयोजनाका प्रतिनिधि, सुरक्षा निकाय र राजनीतिक दलका प्रतिनिधिको रोहबरमा उक्त सहमति गरिएको व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । बैठकले सडक निर्माण गर्दा क्रसिडको माग ज्यादा भएकाले सुरक्षा र सम्भावनालाई मध्यनजर गरी सो सम्बन्धमा आयोजनाबाट तत्काल सम्बोधन गर्ने निर्णय भएको न्यौपानेले बताउनुभयो । उहाँका अनुसार भत्काउने घरहरूको मुआब्जा प्राप्त नभएको गुनासो आएकाले मुआब्जा प्राप्त गर्नुपर्ने घरहरूलाई तत्काल मुआब्जा उपलब्ध गराउने र घर भत्काई निर्माण सम्पन्न भएका घरहरूको दोस्रो किस्ता उपलब्ध गराउने निर्णय भएको छ । राजमार्गको पूर्वी खण्डमा एक वर्षमा ५५ किलोमिटर दुई लेन सडक कालोपत्र भएको छ । पूर्वी खण्डअन्तर्गत तनहुँको आँबुखैरेनीदेखि जामुनेसम्म आर्थिक वर्ष २०८०/८१ मा एकतर्फी रुपमा हिसाब गर्दा ५५ किलोमिटर खण्ड दुई लेन कालोपत्र भएको हो । हालसम्म भने एकतर्फी रुपमा ६३ किलोमिटर खण्ड कालोपत्र सकिएको पूर्वी खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । वर्षाका कारण अहिले कालोपत्रको काम रोकिएको छ । उहाँले भन्नुभयो, "अन्य काम भइरहेपनि वर्षाका बेलामा कालोपत्र गरेका छैनौ । वर्षा सकिएपछि बाँकी खण्डमा कालोपत्र हुनेछ ।" पूर्वी खण्डमा व्यास नगरपालिका, म्याग्दे गाउँपालिका, आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिका पर्दछन् । त्यसमध्ये व्यास नगरपालिकाको दमौली बजार र डुम्रे बजारका केही भामा घरटहरा हटाउन ढिलाइले कालोपत्र काम अगाडि बढ्न सकेको छैन । पाण्डेका अनुसार पूर्वी खण्डअन्तर्गत १४ वटा साना पुल निर्माण सकिएका छन् । त्यस्तै दुई ठूला पुल र एक सय तीन कल्भर्ट निर्माण सकिएको छ ।

यो खण्डको म्याद गत वैशाख २ गते सकिएपछि एक सय ५५ दिन पुनः म्याद थप गरिएको आयोजनाले जनाएको छ । पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । विसं २०२६ सालमा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैङ्क (एडीबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा लागेको छ ।

महानगरको ...

उपप्रमुख एवं अनुगमन समिति संयोजक मञ्जुदेवी गुरुङ, वडा अध्यक्ष रुद्रनाथ बराल, जिल्ला प्रशासन कार्यालय कास्कीका प्रशासकीय अधिकृत भिष्मराज अर्याल, महानगर आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरिया,भेटेनरी हस्पिटल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख शम्भुराज पाण्डे, पोखरा महानगरपालिका बजार अनुगमन समितिका सदस्यसचिव अनिल कार्की, पशु चिकित्सक डा अनन्त कोइराला, महानगर पशुसेवा शाखा प्रमुख आशिष विक, पशु शाखा अधिकृत नवराज अधिकारी, कास्की जिल्ला उपभोक्ता हकहित संरक्षण समितिका अध्यक्ष राजेन्द्र लिगल, उपभोक्ता हकहित संरक्षण समितिका सचिव कमल पौडेल, खाद्य प्राविधि तथा गुण नियन्त्रण कार्यालय पोखराका खाद्य निरिक्षक सविना सुनार, महानगर सहकारी शाखाका ऋषिराम सापकोटा, सहकारी शाखा कर्मचारी राजु सुवेदी, पत्रकारहरु रिखिराम जिसी, विनु मगर, विजय नेपाल, एकराज गिरीको उपस्थिति रहेको थियो ।

जनैपूर्णिमामा भद्राको दोष नलाग्ने

रासस
काठमाडौं, २ भदौं

जनैपूर्णिमामा भद्रा भएकाले रक्षाबन्धन गर्न दोष लाग्छ कि लाग्दैन भन्ने बहस चलिरहेका बेला भद्राको दोष नलाग्ने ज्योतिष शास्त्रका विद्वानहरुले तर्क पेस गर्नुभएको छ । नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गतको वाल्मीकि विद्यापीठमा आज बसेको ज्योतिषाचार्य एवं संहिता शास्त्रको बैठकले भद्राको दोष जनैपूर्णिमा, रक्षाबन्धनका निमित्त सर्वसाधारणलाई नलाग्ने निष्कर्ष निकालेको हो । यो दोष राजाहरुलाई मात्रै लाग्ने संहिताशास्त्री अर्जुनप्रसाद बाँस्तोलाले राससलाई जानकारी दिनुभयो । "कन्या, धनु, तुला र मकर राशिमा चन्द्रमा हुँदा, भद्रा पाताल लोकमा हुने हुँदा भद्राको दोष पातालवासीलाई मात्रै लाग्छ पृथ्वीवासीलाई लाग्दैन, राजा महाराजालाई समेत दोष नलाग्ने कुराको शास्त्रीय प्रमाण छ", उहाँले भन्नुभयो । ज्योतिष शास्त्रको ग्रन्थ बृहत्संहितामा भनिएको छ-

कुंम्भकर्कद्वये मर्त्येकब्जे स्वर्गेकजात्रयेकलिगे ।
स्त्रीधनुर्जूकनक्रेकधो भद्रा तत्रैव तत्फलम् ॥

यही प्रमाणका आधारमा पनि भद्राको दोष नलाग्ने ज्योतिषाचार्यहरुको निष्कर्ष छ । बैठकमा प्रा डा माधवप्रसाद पाण्डेय, सह प्राध्यापक जयन्त आचार्यलगायत ज्योतिषाचार्यहरुको उपस्थिति थियो । यसअघि नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले पनि सर्वसाधारणलाई भद्राको दोष नलाग्ने भएकाले जनैपूर्णिमा र रक्षाबन्धनका कर्म गर्न कुनै समस्या नरहेको विज्ञप्तिमार्फत सार्वजनिक गरिसकेको छ ।

डेंगीबाट बच्ने उपायहरू

- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ,
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- पानी राखेको भाँडालाई छोपेर राखौं,
- लामखुट्टे भगाउने धुप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली र सुत्ने बेलामा झुल लगाएर सुतौं,
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं,
- एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
- शरिरको एक हर नचल्ने ।
- मुख बाङ्गो भएको ।
- खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
- हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

सुक्तिसुधा

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।
– विदुरनीति

सम्पादकीय

रक्षा बन्धनको शुभकामना

हिन्दु धर्मावलम्बीले मनाउने चाडपर्व मध्ये रक्षाबन्धन जनैपूर्णिमा विषेश महत्त्वको छ । आजको दिनलाई जनैपूर्णिमा, श्रावणी, रक्षा बन्धन, ऋषि तर्पणी, ऋषि पूर्णिमा र क्वाँटी पूर्णिमा समेत भनिन्छ । जनैपूर्णिमामा नदी, तलाउ वा तीर्थस्थलको किनारमा एकत्रित भएर वैदिक विधिपूर्वक स्नान, सूर्यआराधना, प्राणायाम, अग्निहोत्र र ऋषिको पूजा गरिन्छ । यसरी पूजा गर्दा शारीरिक, मानसिक तथा आध्यात्मिक शुद्धि हुने विश्वास गरिन्छ । सुरक्षाको प्रतीक सूत्र नाडीमा बाँधिने भएर रक्षा बन्धनको शब्दले पनि चिनिन्छ । पछिल्लो समय दिदीबहिनीले दाजुभाइलाई राखी बाँधीदिने गरिन्छ । भारतीय चलन नेपालमा सरेको छ । राखी कुटनीति पनि हुन थालेको छ ।

काङ्ग्रेस सभापति शेर बहादुर देउवा प्रधानमन्त्री भएको बेला हालका परराष्ट्र मन्त्री डाक्टर आरजु राणा देउवाले भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख विजय चौथाईवालालाई राखी बाँधेर भारतीय सत्तारूढ पार्टीसँग सम्बन्ध सुधारको काम गरेको चर्चा भएको थियो । कतिपयले त्यसको आलोचना गरेका थिए ।परराष्ट्रमन्त्री डा. देउवा अहिले भारत भ्रमणमा छिन।राखी कुटनैतिक सम्बन्ध अब देशको हितमा प्रयोग हुन्छकि हुँदैन हेर्न बाँकी छाजे होस राखी बाँध्ने कुटनीति पनि बन्न पुगेको छ। जनैपूणिर्माको दिन घरघरमा क्वाँटी पकाएर खाने चलन छ । क्वाँटीमा विभिन्न थरिका गेडागुडी चना, मस्याङ, बोडी, मास, भटमास, सिमी, बकुल्ला, केराउ, राज्मा मिसाएर टुसा उमारी बनाइने गरिन्छ । क्वाँटीमा कार्बोहाइड्रेड, प्रोटिन, भिटामिन, मिनरल्स, आइरन तथा फाइबर पर्याप्त मात्रामा पाइने हुँदा यसले थकित शरीरमा ऊर्जा जगाउनुका साथै चिसो पनि भगाउँछ ।

गुरु विधिपूर्वक मन्त्रिएको जनै धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास छ । जनै पूर्णिमाको दिन विधिपूर्वक वेदका मन्त्रले अभिमन्त्रणा गरिएको जनै पहिरिने नेपालमा प्रचलन छ । त्यहीअनुसार गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको जनै एवं डोरो धारण गरिन्छ । जनै पूजा, पितृ कार्यमा समेत अत्यावश्यक हुन्छ । डोरोको पनि विभिन्न धार्मिक क्रियाकलापमा विशेष महत्व हुन्छ । हिन्दु धर्मावलम्बीले जनै पूर्णिमाको अवसरमा धेरैले नयाँ जनै ग्रहण गर्ने गर्छ । धेरै महत्व बोकेको चाडमा सरकारले सार्वजनिक विदा दिएको छ।जनैनलगाउनेले पनि राखी बाँध्ने हुँदा चाडपर्व साझा बन्दै गएका छन।यो चाड जनै लगाउनेको मात्र नभइ दाजुभाइ र दिदीबहिनीको मिलनको अवसर पनि भएको छ।सबैले मनाउन सक्ने बनाउन सकेमा जनैपूणिर्माको महत्व बढेर जानेछ । रक्षाबन्धन जनैपूर्णिमाको अवसरमा सबैमा हार्दिक शुभकामना ।

तपाईको आज

मेष	: सहयोग मिल्नेछ	तुला	: ब्यापारमा लाभ
वृष	: अप्रत्यसित लाभ	वृश्चिक	: शत्रुको भय
मिथुन	: सत्कार मिल्नेछ	धनु	: झमेला बड्ने
ककर्ट	: आर्थिक समस्या	मकर	: कार्यमा सफलता
सिंह	: शारीरिक झमेला	कुम्भ	: शुभ यात्रा
कन्या	: मानसिक तनाब	मीन	: स्वास्थ्यमा सुधार

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

आयुर्वेद सेवामा आकर्षण बढ्दै

पोखरापत्र संवाददाता
पोखरा, २ भदौं

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तनहुँले एक वर्षमा २६ हजार छ सय ८४ सेवाग्राहीलाई सेवा प्रदान गरेको छ । कार्यालयले गत आर्थिक वर्षमा उक्त सङ्ख्यामा सेवाग्राहीलाई सेवा प्रदान गरेको हो ।

आयुर्वेद सेवाप्रति जिल्लामा सर्वसाधारणको आकर्षण बढ्दै गएको आयुर्वेद स्वास्थ्य केन्द्रले जनाएको छ । कार्यालयले आव २०७९/८० मा भन्दा गत आवमा सात हजार चार सय ६७ बढीले सेवा लिएको कार्यालयका आयुर्वेद चिकित्सक डा नारायण श्रेष्ठले बताउनुभयो । बहिरङ्ग (ओपिडी) नौ हजार दुई सय ७१, ज्येष्ठ नागरिक सेवा एक हजार छ सय २४, योग आठ हजार तीन सय ४३, पञ्चकर्म तथा पूर्वकर्म पाँच हजार पाँच सय १३, स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धवर्द्धक सेवा दुई सय ८१, क्षार सूत्र १७, प्रयोगशाला सात सय ६३ र फिजियोथेरापी आठ सय ७२ जनाले लिएको उहाँले जानकारी दिनुभयो । जिल्लाका चार ठाउँमा नागरिक आरोग्य केन्द्र विस्तार भएको छ । डा श्रेष्ठका अनुसार बन्दीपुर गाउँपालिका-१ मा डुम्रे, घिरिङ गाउँपालिका-५ मा घिरिङ, देवघाट गाउँपालिका-५ मा देवघाट र आँबुखैरेनी गाउँपालिका-१ मा आँबुखैरेनी नागरिक आरोग्य सेवाकेन्द्र सञ्चालनमा आएका छन् । जिल्लाका तीन पालिकामा अझै पनि आयुर्वेद स्वास्थ्य सेवा पुऱ्याउन नसकिएको उहाँको भनाइ छ । "दश पालिकामध्ये देवघाट, आँबुखैरेनी र घिरिङ गाउँपालिकामा आयुर्वेद स्वास्थ्य संस्था पुगेको छैन । ती पालिकामा नागरिक आरोग्य सेवा सञ्चालनमा ल्याएका छौं", उहाँले भन्नुभयो । केन्द्रले पतञ्जली योग समितिसँग समन्वयगरी कार्यालयको योगहलमा स्वस्थ जीवन कार्यक्रम सञ्चालन गर्दै आएको छ । जिल्लाका स्थानीय तह तथा सरोकार भएकासँग निरन्तर समन्वय र सहकार्य गर्दै आयुर्वेदिक उपचार प्रणालीको प्रवर्द्धन गरिरहेको डा श्रेष्ठले बताउनुभयो । कार्यालयका लागि सात जनाको स्वीकृत दरबन्दी रहेकामा हाल पाँच जना कार्यरत छन् । उहाँका अनुसार केन्द्रमा ढाड दुख्ने समस्या भएका बिरामीलाई लक्षितगरी थेरापी मेसिन सञ्चालन गरिएको छ। गण्डकी प्रदेश सरकारको सहयोगमा कार्यालयले थेरापी मेसिन खरिद गरेर सञ्चालनमा ल्याएपछि ढाड दुख्ने समस्या भएका बिरामीको सङ्ख्या बढेको केन्द्रका डा श्रेष्ठले उल्लेख गर्नुभयो। "आयुर्वेद उपचारमा उपयोगी पञ्चकर्म, फिजियोथेरापी तथा क्षारसुत्रका साथै रोग अनुसार दैनिक योग पनि सञ्चालन गरिरहेका छौं", उहाँले भन्नुभयो, "आयुर्वेदिक स्वास्थ्य सेवाप्रति सर्वसाधारणको आकर्षण बढेसँगै कर्मचारीको सीप, उत्साह र जाँगरमा वृद्धि हुँदै गएको छ ।" विसं २०५२ मा स्थापित आयुर्वेद स्वास्थ्य केन्द्रले रोग निदानात्मक, उपचारात्मक, स्वास्थ्य प्रवर्द्धनात्मक, रोग रोकथाम र स्वास्थ्य परामर्शका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । प्रदेश निर्देशनालयले आयुर्वेद संस्थाको अनुसन्धानगरी दरबन्दी थप गर्नुपर्ने, चारपाङ्ग्रे सवारीसाधनको व्यवस्था गर्नुपर्ने, औषधि खरिद गर्न बजेट वृद्धि गर्नुपर्नेमा डा श्रेष्ठले जोड दिनुभयो ।

गर्पाछेडाको लोभलाग्दो सुन्दरता, पाहुनाका लागि 'गोठ स्टे'

सन्तोष गौतम
म्याग्दी, २ भदौं / रासस

पहाडको टुप्पोमा भिरालो पाखा । जता हेरे पनि कार्पेट बिछ्याएझैं देखिने हरियाली । पाखामा फुलेका रंगी बिरंगी फुल । तल हेर्दा देखिने हरियाली जंगल र फेदीको फाँट । वरपर देखिने थुम्का, थुम्की ।

चरनमा रमाइरहेका गाईभैसी, भेडाबाख्रा र घोडाका बथान । गाईबस्तुको घाँटीमा झुण्डीएका घाडो (घण्टी)को एकनाशको आवाज । शीतल हावापानी । एकान्त वातावरण । छिन छिनमा फेरिरहने मौसम । घाम, पानी र बादलको लुकामारी ।

बिहानीपख सुर्योदय, साँझमा सुयास्त, पृष्ठभूमिमा लहरै रहेका सिस्ने देखि मनास्लु सम्मका हिमालहरुको मनमोहक दृष्य । बादल हट्दा देखिने निलो आकाश । समुन्द्रि सतहदेखि चार हजार १० मिटरको उचाईमा रहेको पुर्वी रुकुम, बागलुङ र म्याग्दी जिल्लामा फैलिएको ढोरपाटन सिकार आरक्षको गर्पाछेडा पुग्दा कुनै चित्रकारले मेहनत गरेर बनाएको क्यानभास अवलोकन गरेझैं आभास हुन्छ। काठमाडौंका आशिस सिलवालले गर्पाछेडामा रहेका गोठालाहरुको जिवनशैली नियाल्दै प्रकृतिको सुन्दरतामा तीन दिन बिताउनुभयो । "लोप हुदै गएको घुम्ति गोठ र पशुपालन गर्ने परम्परागत चलनको अध्ययन गर्ने अवसर पाइयो," उहाँले भन्नुभयो "जता फर्केर हेरेपनि देखिने मनमोहक दृष्यले समय बितेको पत्तै भएन् ।" यहाँबाट सिस्ने, पुथा, गुर्जा, धौलागिरि, अन्नपूर्ण, निलगिरि, माछापुच्छे, मनास्लु हिमालको दृष्य अवलोकन गर्न सकिन्छ । ढोरपाटन शिकार आरक्षको पहाडी भूगोलको मनमोहक दृष्यका साथै बुकीको चरनमा रमइरहेका भेडा, बाख्रा, घोडा, गाईभैसीका बथानहरु थप आकर्षण हुन् । शान्त वातावरण र चिसो हावापानीमा रमाउन पाइने गुल्मीको चन्द्रकोट गाउँपालिकाबाट आएका रमेश क्षेत्रीले बताउनुभयो । बादल, घाम र पानीको लुकामारीसँगै पाखाभरी रंगीबिरंगी फुलेका बुकीमा रमाउन पाउँदा उमंगको अनुभूति हुने उहाँले सुनाउनुभयो । ढोरपाटनको पाखाथरदेखि तीन घण्टा उकालो हिडेपछि पुगिने गर्पाछेडा पुर्वी रुकुमको पुथा उत्तरगंगा गाउँपालिका र डोल्पाको सदुर मुकाम जाने परम्परागत पैदलमार्गमा पर्दछ । किसानहरुले बर्खा याममा पोषिलो घाँस खुवाउन गर्पाछेडा, टिकाडाडा, रासबन, दहखर्कमा घरपालुवा पशुचौपायाको गोठ लगेका छन् ।

पाहुनाका लागि 'गोठ स्टे'

गर्पाछेडामा पुग्ने पाहुनाहरुका लागि 'गोठस्टे' सञ्चालन गरिएको छ। होटल र होमस्टे सञ्चालन गर्न सम्भव नभएको विकट ठाउँको गोठस्टेले पर्यटकलाई सुविधाका साथै गोठालाहरुलाई अतिरिक्त आम्दानीको स्रोत बनेको छ । 'ब्लु सिप गोठ स्टे'का सञ्चालक सन्देश थापाले पाहुनाहरुलाई घुम्ती टहरा र गोठमा खाजा, खाना खुवाउने र बास बस्ने व्यवस्था मिलाएको बताउनुभयो । "नाउर र झारलको बथान अवलोकन गर्न सकिने भएकाले गर्पाछेडाको 'गोठ स्टे'लाई ब्लु सिप नामाकरण गरिएको हो," उहाँले भन्नुभयो "जंगली जनावर, पंक्षी, पहाडी भूगोल, वनजंगल, हिमाल, सुर्योदय र सुर्यास्तको मनमोहक दृष्यका साथै गोठालाहरुको जिवनशैली र दैनिकी अवलोकन गर्न पाउने यहाँको आकर्षण हो ।"

गाईभैसीको दूध, दहि, मोही, घ्यु, भेडा, बाख्राको मासु, निगालोको टुसा, रातो च्याउको तरकारी, ढिडो, आटो पकाएर पाहुनालाई खुवाउने गरेको थापाले बताउनुभयो । छुट्टै बस्नेहरुका लागि टेन्ट पनि राखिएको छ । बर्खामा बुकीमा गोठ लगेको समयमा मात्र त्यहाँ गोठ स्टे सञ्चालन हुन्छ। चिसो बढेपछि गोठ वेसीतर्फ झर्छन । प्रतिव्यक्ति रु. दुई हजार शूल्कमा २ छाक खाना, २ छाक खाजा र सुत्न पाइन्छ । शुक्रबार, शनिबार र बिदाका दिन १४/१५ जनासम्म पाहुना आउने गोठ स्टे अन्य दिन पनि खाली हुदैन् ।

गोठ स्टेमा २० जनाको क्षमता छ । ढोरपाटन पर्यटन विकास संस्थाका सचिव जीवनकुमार पुनले गर्पाछेडामा खानेपानी, सार्वजनिक शौचालय र सञ्चार सुविधाका लागि स्थानीय तह, शिकार आरक्ष र प्रदेश सरकारसँग पहल गरिएको बताउनुभयो । ढोरपाटन आउने पर्यटकको बसाई लम्बाउने गर्पाछेडा, किटिनी डाडा, जलजलालाई नयाँ गन्तव्यको रुपमा विकास गरेको उहाँले बताउनुभयो ।

पर्वतका नौवटा सामुदायिक वनमा पोखरी निर्माण

पोखरापत्र संवाददाता
पर्वत, २ भदौं

वन्यजन्तुको सुविधा तथा डढेलो नियन्त्रणमा उपयोगी हुने ठानेर पर्वतका नौ वटा सामुदायिक वनमा पोखरी निर्माण गरिएको छ।

डिभिजन वन कार्यालयले सामुदायिक वनमा पोखरी निर्माण कार्यक्रमअन्तर्गत गत आर्थिक वर्षमा नौवटा पोखरी निर्माण गरेको हो । बाह्रैमास पानी टिक्ने स्थानमा पोखरी निर्माण गरेर पानी सङ्कलन गरिएको डिभिजन वन कार्यालयका प्रमुख झ्यामनारायण सापकोटाले जानकारी दिनुभयो ।

उहाँका अनुसार रु १० लाखको लागतमा १० वटा पोखरी निर्माण गर्ने लक्ष्य रहेको भए पनि नौवटा मात्रै पोखरी निर्माण गर्न सकिएको उहाँले बताउनुभयो । नौवटा पोखरी निर्माण गर्दा रु आठ लाख ३९ हजार दुई सय १३ खर्च भएको उहाँले बताउनुभयो ।

फलेवास नगरपालिका-३ को देउपुजा सामुदायिक वन, मोदी गाउँपालिका-४ को लोहोसे चिसाखर्क सामुदायिक वन, बराहताल थान सामुदायिक वन, कुश्मा नगरपालिका-१४ को गिदाउरे सालघारी सामुदायिक वन, जलजला गाउँपालिका-४ को टाँडी बिसौना सामुदायिक वनमा पोखरी निर्माण गरिएको हो । त्यसैगरी जलजला-८ को लस्ती वेर्नेटा सामुदायिक वन, फलेवास नगरपालिका-७ को कालोवन बाटुलेचौर सामुदायिक वन र कुश्मा नगरपालिका-३ को सल्लेरी सामुदायिक वनमा दुईवटा पोखरी निर्माण गरिएको उक्त कार्यालयले जनाएको छ।

पोखरी जलवायु परिवर्तनका कारण बढ्दै गइरहेको तापक्रम र डढेलो निभाउन उपयोगी हुने सामुदायिक वन उपभोक्ता महासङ्घका अध्यक्ष जीवन उचै ठकुरीले बताउनुभयो। "पोखरीको पानीले मूलहरू 'रिचार्ज' हुन्छन् त्यसले मूल संरक्षणमा सहयोग पुग्छ", उहाँले भन्नुभयो, "मानवीय व्यवहारकै कारण पानीका मुहान सुक्दै गइरहेका बेला वन क्षेत्रमा बनाइएका पोखरीले मानव र वन्यजन्तुको द्वन्द्व पनि घटाउने छ।"

म्याग्दी जिल्ला अदालतमा स्वचालित पेसी लागू

पोखरापत्र संवाददाता
म्याग्दी, २ भदौं

यहाँको जिल्ला अदालतमा स्वचालित पेसी प्रणाली लागू गरिएको छ । गत साउन १ गतेदेखि लागू भएको सो प्रणालीबाट मुद्दाको पेसी तोक्न थालेपछि सेवाग्राहीलाई सहज भएको हो ।

स्वचालित पेसी लागू भएपछि कार्यसम्पादन छिटो, छरितो हुनाका साथै पेसी तोक्न सहज भएको अदालतका स्रेस्तेदार भोलाराज रेग्मीले बताउनुभयो । उहाँका अनुसार अदालतमा दर्ता भएर अंश पुगेका मुद्दाहरू प्रणालीमा राखेपछि स्वचालित रूपमा पेसी चढ्ने भएकाले मुद्दाका पक्षविपक्षबीचमा पेसी तोक्दा हुने विवादको समस्यासमेत निरुपण भएको छ । अदातलले सुरु गरेको स्वचालित पेसी तोक्ने व्यवस्थाले न्यायलयप्रतिको विश्वास बढ्ने, कार्यसम्पादन र प्रगतिमा सुधार हुने, वार्षिक लक्ष्यप्राप्तिमा सहज हुने अपेक्षा गरिएको अदालतका स्रेस्तेदार रेग्मीले उल्लेख गर्नुभयो । अदालतले मुद्दाको विषय, प्रकृति र सम्पादन गर्नुपर्ने अवधिअनुसार वर्गीकरण गरेर पेसी हुने दिनसमेत निर्धारण गरेको छ । आइतबार बालबालिकासम्बन्धी, सोमबार र मङ्गलबार छ महिनाभित्र टुङ्ग्याउनुपर्ने, बुधबार एक वर्षभित्र र बिहीबार दुई वर्षभित्र टुङ्गो लगाउनुपर्ने मुद्दाहरू हेरिने जिल्ला न्यायाधीश प्रकाशप्रसाद पण्डितले जानकारी दिनुभयो । बालबालिकासँग सम्बन्धित र १८ महिना काटेका मुद्दाको हकमा प्राथमिकता दिएर काम गर्नुपर्ने भएकाले प्रणालीले सोहीअनुसार पेसी चढाउने गरेको उहाँले बताउनुभयो ।

एक वर्षअघि सर्वोच्च अदालतले अभ्यास थालेको स्वचालित पेसी म्याग्दी जिल्ला अदालतमा पनि लागू गरिएको हो । न्यायपालिकाको रणनीतिक योजनाले सरल, सामान्य र विशेष गरेर मुद्दाको वर्गीकरण गरी सोअनुसार प्रणालीले मुद्दाको पेसी चढाउने गरेको न्यायाधीश पण्डितले बताउनुभयो । यसअघि अदालतमा मुद्दा दर्ता भएपछि कर्मचारीद्वारा तारेख र पेसी तोक्ने गरिएको थियो ।

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा उद्योग कार्यालय, कास्की

हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८१/०५/०२

यस कार्यालयबाट मिति २०७४/०६/०२ मा कास्की जिल्ला मादी ०८ कास्कीमा संचालन गर्ने गरि मादी ०८ कास्की निवासी टेक बहादुर तामाङ सहित ५ जनाको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १३००८/०७४/०७५ को रबैडाँडा तामाङ कृषि फर्म नामक साझेदारी फर्मको साझेदार मध्य मादी ०८ कास्की निवासी देभीमाया गुरुङको मिति २०७८/१०/०५ मा मृत्यु भएको हुँदा मादी ०८ कास्की निवासी निजको जेठा छोरा टंक बहादुर गुरुङ सहित अन्य ४ जना साझेदारहरुले मिति २०८१/०५/०२ मा फर्म बन्द गरीपाँउ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म साझेदारहरु र निज टंकबहादुर गुरुङको निवेदन अनुसार बन्द भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पर्यटन तथा उद्योग कार्यालय
कास्की

भारतीय भू. पू. सैनिकको परिचय पत्र र ड्राईभिङ्ग लाइसेन्स हराएको सूचना

पोखरा–५ मालेपाटन निवासी भारतीय भू.पू. सैनिक सुबेदार हनेरी लेप्टेन छम बहादुर क्षेत्री नं. 581155P पल्टन २ जैक राइफल्सको पेन्सन क्याम्प रामबजार पोखराबाट मालेपाटन जाने क्रममा भारतीय भू.पू. सैनिकको परिचय पत्र र ड्राईभिङ्ग लाइसेन्स १५ अगस्ट २०२४ मा हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यलय वा निम्न सम्पर्क नम्बरमा सम्पर्क गरिदिनुहोला ।

नामः छम बहादुर क्षेत्री
ठेगानाः पोखरा–५, मालेपाटन
ने.जे.सी.: 581155P
सम्पर्क नंः ९८४०४४८३५१

लगानी विस्तार गर्दै अंशुभरा, लेकसाइडमा "३१ एभिन्यु" आउँदै

पोखरापत्र संवाददाता
पोखरा, २ भदौं

अंशुभरा ग्रुपले पोखराको पर्यटकीय स्थल लेकसाइडमा नयाँ प्रोजेक्ट सुरु गर्ने भएको छ। पोखरा महानगरपालिका-६ को बाराही चोकमा अंशुभराले 'मिक्सड युज ब्लिडिङ' बनाउन लागेको हो।

अंशुभराका प्रबन्ध निर्देशक सौगात थापाले केही महिनामै प्रोजेक्ट सम्पन्न भएर सञ्चालनमा आउने बताए। पर्यटकीय केन्द्रको आकर्षण रहेको बाराही चोकमा हाल निर्माणाधीन अवस्थामा रहेको उनले जानकारी दिए। उनका अनुसार अंग्रेजी नयाँ वर्षको अवसरमा उक्त प्रोजेक्ट सुचारु हुने छ। 'यो निर्माण भइरहेको प्रोजेक्ट नेपालमा फरक प्रकृतिको हो। नयाँ मोडलको व्यावसायिक भवनले पोखराको फरक पहिचान बोक्छ', प्रबन्ध निर्देशक थापाले, 'यसले ग्राहकलाई फरक खालको अनुभूति दिने छ। मुलुकका विभिन्न ठाउँमा खुलेका सपिङ मलमा सपिङ गर्न तथा खाना पाइने हुन्छ तर यसमा होटल पनि रहनेछ। पर्यटकले यस भवनबाट सबैथोकको सुविधा पाउने छन्। यसमा सपिङ्गदेखि होटल सम्मको सेवा उपलब्ध हुनेछ।' अंशुभरा ३१ औँ वर्षको यात्रामा प्रवेश गरेकाले यसलाई ३१ एभिन्यु नामकरण गरिएको उनले जानकारी दिए। भवनमा बीस कोठासहितको फरक प्रकृतिको होटलसमेत सञ्चालनमा ल्याइने छ। उनका अनुसार तीनवटा रेष्टुरेण्ट र एउटा बार रहने छ। पाँच वटा रिटेल पसल हुनेछन्। विभिन्न ब्राण्डका लुगा पसल, ह्यान्डिक्राफ्ट र क्याफे सञ्चालनमा ल्याइने छ। जग्गासहितको ६० करोडको लगानीमा उक्त भवन सञ्चालन हुन लागेको उनले जानकारी दिए। अंशुभराले यसअघि पोखरामा नेपालको सबैभन्दा ठूलो 'पोखरा ट्रेड मल' सञ्चालनमा ल्याइसकेको थापाले दाबी गरे। जुन मलमा ५ सय २५ वटा पसलहरू सञ्चालनमा रहेका छन्। यसअघि लेकसाइडमा अंशुभरा ग्रुपले 'अंशुभरा स्क्वायर' व्यावसायिक मल सञ्चालनमा ल्याइसकेको छ। यस अंशुभराले अटोमोबाइल, रियल स्टेट, हस्पिटालिटी र वित्तीय संस्थामा लगानी गरेको छ। अंशुभरा अब ब्राण्ड बन्दै छ। एउटै छानामुनि सबै खालको सुविधा उपलब्ध गराउने हेतुले खोलिएको उक्त कम्पनिमा धेरै आश्रित छन्।

नेपालमा नै रोजगारीको सिर्जना गर्दै विदेश पलायन हुनबाट युवालाई रोक्ने चाहना सौगातको छ। समयसापेक्ष व्यवसायिक लगानीमा उनी विश्वास गर्छन्। प्रविधिमैत्री वातावरणलाई आत्मसात् गर्दै अन्तर्राष्ट्रिय बजारीकरणमा समेत अंशुभराको प्रचारप्रसारमा उक्त प्रोजेक्ट मार्फत सहयोग पुग्ने विश्वास उनको छ। पोखरालाई पर्यटनको राजधानी घोषणा गरेसँगै यहाँ बन्ने व्यवसायिक संरचना पनि पर्यटनमैत्री नै बन्नुपर्ने ध्येयका साथ लगानी गरिएको उनले उल्लेख गरे।

ढोरपाटन पुग्ने भक्तजनलाई सास्ती

पोखरापत्र संवाददाता
पोखरा, २ भदौं

हरेक वर्ष जनैपूर्णिमामा नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनमा ठूलो धार्मिक मेला लाख्छ। यस वर्ष पनि मेला सुरु भएको छ। देशभरबाट ढोर बराह मन्दिरमा पूजाआजा गर्न आउने भक्तजन शनिबारदेखि नै ढोरपाटन पुग्न थालेका छन्।

एक दशक अगाडिसम्म बुर्तिबाङ बजारदेखि भक्तजन हिँडेरै ढोरपाटन पुग्ने गर्थे भने अहिले सडक पुगेको छ। विसं २०७१ सालमा ढोरपाटन सडकले जोडिएपछि अहिले धेरै जसो गाडीमै जाने गर्छ। ढोरपाटन जोडिएको सडक राष्ट्रिय प्राथमिकताको आयोजना 'सालझण्डी-ढोरपाटन सडक' पर्छ। रुपन्देहीको सालझण्डीदेखि नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटन जोडिएको यो सडक एक दशक अगाडि ट्याक खले पनि स्तरोन्नती नहुँदा यात्राका लागि जोखिमयुक्त भएको हो।

बागलुङको बुर्तिबाङदेखि ढोरपाटन उपत्यकासम्मको करिब ३२ किलोमिटर सडकको अवस्था झनै खराब बनेको छ। जनैपूर्णिमाका बेला एकै दिन दसौँ हजार भक्तजन पुग्ने हुँदा सवारी साधानको पनि चाप निकै हुन्छ। मनोकांक्षा पूरा हुने जनविश्वासले ढोरपाटन आउने भक्तजन सडकका कारण सास्ती खेप्न बाध्य छन्। सडकको दुरावस्थाको कारण कयौँको गाडी बीच सडकमै बिग्रिने हुँदा ढोरपाटन पुग्न समस्या हुने गरेको छ। सालझण्डी-ढोरपाटन सडकको बागलुङ खण्डमा करिब ६१ किलोमिटर सडक पर्छ।

त्यसमध्ये अहिलेसम्म कुनै पनि स्थानमा स्तरोन्नती हुन सकेको छैन। तीन वर्ष अगाडि बुर्तिबाङदेखि फल्लेघरसम्मको २२ किलोमिटर सडक स्तरोन्नतीका लागि ठेक्का लगाए पनि निर्माण कम्पनीले काम नगर्दा सडकको दुरावस्था छ। मेलामा आउने भक्तजन र पर्यटकलाई लक्षित गरि ढोरपाटन नगरपालिकाले दुई दिनदेखि मेसिन र मजदुर लगाएर सडकका खाल्डाखुल्डी पुर्ने काम गरेको छ। चार वर्ष अगाडि भूजीखोलामा आएको बाढीले सडकको धेरै स्थानमा क्षति पुऱ्याएको छ। ती स्थानमा अहिले सामान्य मर्मत गरेर सकसपूर्ण रूपमा सवारी साधान ओहोरदोहोर गर्छन्। जनैपूर्णिमामा ढोरपाटन जाने भक्तजनको सहजताका लागि अप्ठ्यारो ठाउँमा सडक मर्मत सम्भारको काम गरिरहेको ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायत (कल्याण)ले जानकारी दिनुभयो। यो सिजनमा भक्तजनसहित बुकी चढ्न हजारौँ पर्यटक आउने हुँदा सडकको दुरावस्थाका कारण दुःख पाउने गरेको उहाँको भनाइ छ। उपप्रमुख कायतले भन्नुभयो- "यो सडक संघीय सरकार मतहतको आयोजना हुँदा नगरपालिकाले काम गर्न नमिल्ने रैछ, धेरै पटक बन्द हुँदा खुलाउने काम भने गर्दै आएका छौँ, अहिले पनि मेसिन लगाएर सडक संचालन हुने गराएका छौँ, तर निर्माण कम्पनीले काम पोहोर सालनै सक्नु पर्ने हो तर कत्ति पनि काम गर्न सकेको छैन, यसले पर्यटकलाई सास्ती बनाएको छ, जनैपूर्णिमामा ढोरपाटन आउने भक्तजनलाई सहजताको लागि ठाउँ ठाउँमा सडक मर्मत गरेका छौँ, केही अप्ठ्यारो नपरो भनेर ठाउँ-ठाउँमा मेसिन 'स्ट्याण्ड बाई' राखेका छौँ।" सडकको धेरै ठाउँमा खाल्डाखुल्डी र बीचमा ठूला-ठूला ढुङ्गा हुँदा गाडी बिग्रिएर पर्यटक बीच बाटोमा अलपत्र पर्ने गरेका छन्। बिग्रिएको गाडी बनाउनका लागि नजिकमा ग्यारेजसमेत नहुँदा पर्यटक निरास बनेर फर्किने गरेको ढोरपाटन नगरपालिका-९ का स्थानीय गुनबहादुर विक बताउनुहुन्छ। उहाँले बर्खाले गर्दा धेरै ठाउँमा सडक बिग्रिएको हुँदा यात्रा गर्न किनै कठिन हुने बताउनुभयो। यति बेला धेरै भक्तजनहरू पैदल यात्रा गरेरै ढोरपाटन जाने गरेको उहाँको भनाइ छ। "धेरै वर्ष भयो यो बाटो बिग्रिएको, अहिलेसम्म मर्मत भएको छैन, हिउँदमा यस्तैमा पनि गाडीहरू चल्छन्, बर्खामा धेरै गाडी ठाउँ-ठाउँमा बिग्रिन्छन्, ढोरपाटन धेरै सुन्दर छ, त्यही देखेर मान्छेहरू घुम्न आउँछन् तर बाटो देखे भने अर्को पटक आउन धेरै सोच्छन्" उहाँले भन्नुभयो - "ढोरपाटन पुग्ने बाटोमा राम्रो होटलहरू पनि छैनन्, गाडी बिग्रिएर बीच बाटोमा पर्यटक रोकिए भने बास पाउन पनि गाह्रो हुन्छ, सरकारले यो बाटोलाई गम्भीर रूपमा लिएर स्तरोन्नती नगरे धेरैले दुःख पाउँछन्।"

तराई र पहाडलाई जोड्ने गरि रुपन्देहीको सालझण्डीदेखि अर्घाखाँची हुँदै ढोरपाटन जोड्ने यो सडकको बागलुङ खण्ड वि.सं. २०७१ सालमा ट्याक खुलेको थियो। बडिगाडको गङ्गरेदेखि ढोरपाटनसम्म ६१ किलोमिटर सडक बागलुङमा पर्छ। सालझण्डीदेखि ढोरपाटनसम्म १९७ किलोमिटर रहेको छ। बडिगाड गाउँपालिका-१० गङ्गरे, निसीखोला गाउँपालिका-७ राजकुट, वडा नम्बर १ देविस्थान हुँदै ढोरपाटन जोडिएको सडक स्तरोन्नतीका लागि तीन वर्ष अगाडि कार्तिकमा ठेक्का सम्झौता भएको थियो।

सिटीवान टेलिभिजनले तीज गीत मेला गर्ने

पोखरापत्र संवाददाता
पोखरा, २ भदौं

गण्डकी प्रदेशको राजधानी पोखरामा मुख्य कार्यालय रहेको सटीवान टेलिभिजनले महिलाहरुको महान चाड तीजलाई मध्यनजर यस वर्ष पनि सास्कृतीक तीज गीत प्रतियोगिता गर्ने भएको छ। "तीजको वेला सिटीवानको सास्कृतीक मेला, तेस्रो खुल्ला तीज गीत प्रतियोगिता-२०८१" नाममा टेलिभिजनले तीजका सास्कृतीक पक्षहरुको संरक्षण गर्ने उद्धेश्यले मेला आयोजना गरेको टेलिभिजनले जनाएको हो।

टेलिभिजनका प्रवन्ध निर्देशक अनिशा श्रेष्ठले पछिल्लो समयमा डिजिटल प्रविधिको प्रयोकका कारण नेपालीहरुका कतिपय संस्कृतीहरु लोप हुन लागेको भन्दै सवैको संस्कृती संरक्षणमा टेलिभिजन लाग्ने धारणा राख्नुभयो। पहिलो र दोस्रो सस्करणको अपार सफलता पछि यही भाद्र १५ र १६ गते विहान ९:०० वजे देखी तेस्रो सस्करणको प्रतियोगिता गर्न लागेको हो। प्रतियोगितामा विशुद्ध नेपाली तीज प्रचलनका गीत र परिवेशलाई मान्यता दिदै तीजलाई तीज जसरि नै मनाउनका लागि मेला आयोजना गरिएको प्रवन्ध निर्देशक श्रेष्ठको भनाई थियो। उहाले भन्नुभयो-" सिटीवानले हिन्दु नेपाली महिलाहरुले मनाउने तीज कस्तो हुनु पर्छ, दर सस्कृती के हो आदी विषयमा जानकारी दिदै हामीले प्रत्येक वर्ष मेला आयोजना गर्ने लक्ष्यका साथ तेस्रो सस्करणको मेला संचालन गर्न लागेका हौं।" करिव ६० समुहको सहमागिता रहने अनुमान गरिएको सो प्रतियोगीतामा विपत् व्यवस्थापनमा महिलाको भूमिका, महिला हिसां, पर्यटन प्रर्बदन, सरसफाइ, बैदेशिक रोजगार, उधमशिलता, शिक्षाको महत्व, स्थानीय सरकार तथा लागु पदार्थ दुर्ब्यसनी जस्ता सामाजिक बिषयलाइ प्राथमिकतामा राखेर आयोजना गरिने भएको छ।

भदौको १५ र १६ गते गण्डकी प्रज्ञा प्रतिष्ठानको सभाहलमा हुने कार्यक्रमा प्रथम पुरस्कार ५० हजार, द्धितिय पुरस्कार ३० हजार, तृतिय पुरस्कार २० हजार, शान्त्वना पुरस्कार १० हजार, उत्कृष्ट नृत्य ५ हजार, उत्कृष्ट भेषभुसा ५ हजार, उत्कृष्ट शव्द ५ हजार रहेको छ। निशुल्क समुह दर्ता गरि आफ् नो संस्कृती प्रस्तुत गर्न अनुरोध गर्दै टेलिभिजनका अध्यक्ष पवन प्रजापतीले पछिल्लो अवस्थामा तीज सस्कृतीको लोप हुन लागेको भन्दै मेला आयोजना गर्न लागेको जानकारी दिनुभयो। उहाले टेलिभिजन स्थापना पनि राजनीति भन्दा माथि उठेर समाजको आर्थिक, सामाजिक र सास्कृतिक उन्नतीका लागि सहकार्य गर्ने मुख्य उद्धेश्य रहेको जानकारी पनि दिनुभयो। उहाले भन्नुभयो-"गण्डकी प्रदेशमा सञ्चालन भएको टेलिभिजनले नेपालका विभिन्न संस्कृतिको संरक्षण र जर्गेना गर्दै समाजका हरेक उत्कृष्ट विषयहरुलाई आफ् नो विषय वनाएर सार्वजनिक कार्यक्रमहरु पनि आयोजना गर्ने उद्धेश्य लिएको छ।"

मेलाको अवसरमा तीज संस्कृति र आजको आवश्यकता शीर्षकमा प्रदेश स्तरीय राउण्ड टेवल कार्यक्रम संचालन गर्ने मेला संयोजक चिनु गुरुङ्गले जानकारी दिनुभयो। उहाका अनुसार मेलामा सहभागी सवैलाई दर संस्कृतीको वारेमा जानकारी दिने कार्यक्रम समेत रहेको छ। कार्यक्रम सम्पन्न गर्न करिव १२ लाख खर्च हुने छ भने सहभागी समुहलाई निशुल्क टिम दर्ताको आव्हान पनि गरिएको छ। गत वर्ष भन्दा यस वर्ष स्कुल स्तरमा तीज सस्कुतीको वारेमा जानकारी दिन विशेष गरि स्कुले विद्यार्थीका समुहलाई पनि समावेश गर्ने योजना अनुसारक काम भईरहेको कार्यक्रमका सह संयोजक सरला त्रिपाठीले जानकारी दिनुभयो।

मानव-वन्यजन्तु द्वन्द्व बढ्यो

पोखरापत्र संवाददाता
दमौली, २ भदौं

तनहुँमा मानव-वन्यजन्तु द्वन्द्व बढ्दै गएको छ। डिभिजन वन कार्यालयका अनुसार पछिल्लो समय चितुवाले मानिसलाई आक्रमण गरेका घटना बढ्दै गएका छन्। डिभिजन वन कार्यालयका अनुसार २०७४ यता चितुवाको आक्रमणबाट १४ बालबालिकाले ज्यान गुमाइसकेका छन्।

गत असार १२ मा म्याग्दे गाउँपालिका-२ का मानबहादुर गर्जा मगर, विसं २०७९ कात्तिक ४ मा बन्दीपुर गाउँपालिका-३ का चन्द्रबहादुर घर्तीको छोरी डिना चेपाङ, विसं २०७९ भदौमा व्यास नगरपालिका-११का डिल्लीमाया गुरुङ र शङ्कर गुरुङका छोरा शङ्करको मृत्यु भएको थियो। उक्त घटनामा गुरुङ दम्पती घाइते भएका थिए। विसं २०७९ कात्तिक १५ मा व्यास नगरपालिका-१२ छिर्कनका चित्रबहादुर कुँवर थापाका नाति सात वर्षीय अभिनव कुँवर, विसं २०७९ जेठ २९ मा बन्दीपुर गाउँपालिका-१ का भीमलाल गरौजा, विसं २०७८ असोज २५ मा बन्दीपुर गाउँपालिका-५ बाहुनभञ्ज्याङका आठ वर्षीया बालिका सुप्रिती थापाको चितुवाको आक्रमणबाट ज्यान गएको थियो।

डिभिजन वन कार्यालयको तथ्याङ्कानुसार चितुवाको आक्रमणबाट विसं २०७७ साउन २१ मा शुक्लागण्डकी नगरपीलिका-२ का नारन राना, विसं २०७६ माघ १३ मा बन्दीपुर गाउँपालिका-४ का ११ वर्षीय इसाक परियार विसं २०७६ पुस २१ मा आँबुखैरेनी गाउँपालिका-१ का आठ वर्षीय पुजन सिंजाली, विसं २०७६ पुस १३ मा शुक्लागण्डकी नगरपालिका-३ का १९ महिने बालक रविन नेपालीको मृत्यु भइसकेको छ। विसं २०७६ कात्तिक ११ भानु नगरपालिका-२ का ऋतिक रोका, विसं २०७६ जेठ २४ मा आठ वर्षीया बालिका पुष्पा अधिकारी र विसं २०७५ मङ्सिर १५ मा १० वर्षीय बालक अमृत गुरुङको चितुवाले ज्यान लियो। चितुवाको आक्रमणबाट विसं २०७६ असोज २१ मा सोही पालिका वडा नं-१ का कुशल बानियाँको पनि मृत्यु भएको थियो। विसं २०७५ कात्तिक २ ९ मा भानु-४ का चार वर्षीया बालिका रञ्जिता लम्साल र विसं २०७४ फागुन १ मा भानु नगरपालिका-२ दोरदोरका छ वर्षीय विशाल श्रेष्ठको चितुवाको आक्रमणबाट मृत्यु भएको थियो। साथै विसं २०७९ असार १ मा बन्दीपुर गाउँपालिका-१ प्युघरका प्रेमबहादुर बगाले मगरका पाँच वर्षीय छोरा सुप्रिम थापाको चितुवाको आक्रमणबाट घाइते भए। सहायक डिभिजन वन अधिकृत नवीन विश्वकर्माले भन्नुभयो, "करिब आठ वर्षमा चितुवाको आक्रमणबाट मात्रै १४ बालबालिकाले ज्यान गुमाएको डिभिजन वनको तथ्याङ्कमा उल्लेख छ। त्यस्तै चितुवासँगै भालु, बाँदरको आक्रमण पनि बढ्दै गएको छ।" उहाँले विसं २०८० जेठ ४ मा व्यास नगरपालिका-८ का गोरे विक भालुको आक्रमणमा परी घाइते बनाएको बताउनुभयो। उहाँका अनुसार तीनवटा भालु र दुई बाँदरको आक्रमणबाट मानिस घाइते भएका डिभिजन वनको तथ्याङ्कमा उल्लेख छ। त्यस्तै चितुवाकै आक्रमणबाट १७ जना घाइते भएका तथ्याङ्कमा छ।

विश्वकर्माका अनुससार बासस्थान र आहाराको अभावका कारण वन्यजन्तुको आक्रमण बढेको हो। उहाँले भन्नुभयो, "मुख्यगरी वन्यजन्तुको आहार वनजङ्गलमा पर्याप्त नहुनु र बासस्थानको नजिक मानव बस्ती बस्दै जाँदा मानव-वन्यजन्तुबीचको द्वन्द्व बढेको हो।" द्वन्द्व कम गर्न डिभिजन वन कार्यालयको सहयोगमा सामुदायिक वन, कवुलियती वन, राष्ट्रिय वनका सरोकारवालासँग वन्यजन्तुलाई आवश्यक आहार संरक्षण तथा रोपण गर्न प्रोत्साहन गरिरहेको उहाँले बताउनुभयो। चितुवा, भालु र बाँदरको आक्रमण बढेकाले बालबालिकालाई जथाभावी नछाड्न र घर वरपर सरसफाइलाई ध्यान दिन आग्रह गरिएको कार्यालयले जनाएको छ। विगतमा चितुवाको आक्रमण बढेपछि कार्यालयले क्यामरा ट्र्यापिङ गरी अनुगमन गरिएको थियो। जसमा चितुवाबाहेक अन्य वन्यजन्तु नै देखिएका थिएनन्।

मानव-वन्यजन्तुबीचको द्वन्द्व कम गर्न वन्यजन्तुको आहार, बासस्थानमा खलबल्याउन नहुने उहाँको भनाइ छ। साथै मृग, चित्तल, वनकुखुरा, फलफूल मानिसले सिकार पनि गर्न नहुने उहाँले बताउनुभयो। जङ्गलमा आहार कम भएपछि उनीहरू बस्ती पस्न बाध्य भएको हुनसक्ने उहाँको बुझाइ छ।

जनैपूर्णिमा, रक्षाबन्धन धारण गरेर मनाइँदै

रासस
काठमाडौं, २ भदौं

प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने रक्षाबन्धन, जनैपूर्णिमा (ऋषि तर्पणी) पर्व आज देशभर नवयज्ञोपवीत जनै एवं रक्षाबन्धन धारण गरेर मनाइँदै छ।

सोमबारका दिन बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले नदी, ताल, तलाउ, पोखरीमा गई स्नान गरेर गुरु पुरोहितबाट रक्षासूत्र (डोरो) बाँध्छन्।

रक्षाबन्धन गर्दा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिनुभयो। मानव रक्षाका लागि जप, तप र पूजागरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक परम्पराको मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितहरुले यजमानको दाहिने नाडीमा बाँधिदिने गरिन्छ।

गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको जनै र रक्षासूत्र धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास छ। नेपाल पञ्चाङ्ग निर्यायक विकास समितिका अनुसार मुलुकका विशिष्ट व्यक्तिले मात्र भद्रा कटाइ दिनको १:३१ बजेपछि रक्षाबन्धनको कर्म गर्नु मुनासिव हुनेछ। सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी अत्यन्त बलशाली दानवराज बलिसमेत बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, सुरक्षित बन, विचलित नहोऊ भनी डोरो बाँधेर जोगाएका थिए। सोही पौराणिक मान्यताका आधारमा चलेको रक्षाबन्धनको परम्परा निरन्तर छ।

यसैदिन ब्राह्मण, क्षेत्री र वैश्यगरी तीन वर्णका तागाधारीले आफ्नो जनै (यज्ञोपवित) फेर्नुपर्ने विधान शास्त्रमा उल्लेख छ। यसका लागि श्रावण शुक्ल चतुर्दशीदेखि कपाल मुण्डन गरी एक छाकमात्र खाएर चोखोनितो गरी बसिन्छ। यसरी व्रत बसेका तागाधारीले पूर्णिमाका दिन बिहानै पोखरी, ताल, तलाउ, नदी र कुण्डमा गई गाईको गोबर, खरानी, दत्तिउन र सप्तमृत्तिका लगाएर स्नान गर्दछन्। यसलाई श्रावणी स्नान पनि भनिन्छ। स्नानपछि जौ, तिल र कुशद्वारा ऋषिलाई तर्पणगरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै फेरिन्छ।

अरुन्धतीसहित कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि, वशिष्ठ र अगस्त्य गरी आठ ऋषिलाई पूजा एवं तर्पण गर्ने भएकाले आजको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिन्छ। वैदिक गुरु परम्पराअनुसार जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोसमेत भनिन्छ। रक्षाबन्धन बाँध्न एवं नयाँ जनै फेर्न बिहानैदेखि पशुपतिनाथ मन्दिर परिसर, वसन्तपुर स्थित अशोकविनायक, वाग्मती नदी किनार र मठमन्दिरमा भक्तजनको भीड लागेको छ।

तनहुँका अधिकांश भागमा स्वच्छ पेयजलको सुविधा

पोखरापत्र संवाददाता
दमौली, २ भदौं

जिल्लाका ९२ दशमलव आठ प्रतिशत जनसङ्ख्यामा खानेपानीको पहुँच पुगेको छ। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका अनुसार दुई लाख ९८ हजार १६ जनामा खानेपानी सुविधा पुगेको हो।

उक्त कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा चार हजार सात सय ८० जनामा खानेपानी सुविधा विस्तार गरेको इन्जिनियर विनु लोहनीले जानकारी दिनुभयो। सोही अवधिमा दुई हजार घरमा निजी धारा जडान गरिएको छ। हालसम्म जिल्लाका १५ हजार नौ सय ९४ घरमा निजी धारा जडान भएका छन्। उहाँले सशर्त, प्रादेशिक र विशेष खानेपानी योजनाबाट चार हजार सात सय ८० जना लाभान्वित भएका जानकारी दिनुभयो। उक्त आर्थिक वर्षमा सङ्घीय सरकारबाट हस्तान्तरण भएका योजनाका लागि रु दुई करोड ७५ लाख, प्रादेशिक खानेपानी आयोजनाका लागि रु २१ करोड ९१ लाख, विशेष अनुदान खानेपानी आयोजनाका लागि रु एक करोड ४० लाख र खानेपानी सेवा विस्तार तथा पुनःस्थापनाका लागि रु दुई करोड ६६ लाख ८० हजार बजेट विनियोजन भएको थियो। कार्यालयले कार्यान्वयन गर्ने योजना सङ्ख्याको तुलनामा जनशक्तिको अभाव हुँदा समस्या भइरहेको इन्जिनियर लोहनीले बताउनुभयो। अठारजनाको दरबन्दी रहेकामा हाल १२ जना कार्यरत छन्। उक्तआर्थिक वर्षमा न्यून बजेटका कारण म्याग्दे-७ स्थित झाप्रेखोला कैडले खानेपानी योजना, भानु नगरपालिका-२ स्थित भकुन्थोक बेलटार खानेपानी योजना, बन्दीपुर गाउँपालिका-६ स्थित साराङघाट खानेपानी योजना, समादी खानेपानी योजना, व्यास नगरपालिका-११ स्थित केशरी खानेपानी आयोजना र बेल्टारी डिप बोरिङ खानेपानी योजना सञ्चालन गर्न नसकिएको इन्जिनियर लोहनीले बताउनुभयो।